म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३८ बिहीबार १२ पुस २०८० ने. सं. ११४४ थिल्लागा 28 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहाका २५ वर्षीय युवक ८८ किलो गाँजासहित पक्राउ

हेटौंडा, ११ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषध ८८ किलो गाँजा ओसारपसारको आरोपमा हेटौंडाबाट एक युवकलाई पक्राउ गरेको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगरपालिका-१५ रातामाटे चेकपोष्टबाट ८८ किलो लागुऔषध गाँजासहित २५ वर्षीय युवक पक्राउ परेका हुन् । पक्राउ पर्नेमा मकवानपुर जिल्ला थाहा नगरपालिका-६, बज्रबाराहीका २५ वर्षीय सविनकुमार गुरुङ रहेका छन् ।

प्रहरीचौकी रातोमाटेमा खटिएको प्रहरीटोलीले चितवनबाट सर्लाही जाँदै गरेको ना ८ ख ७५०४ नम्बरको कन्टेनर ट्रकलाई जाँच गर्दा लागुऔषध गाँजा रहेको पाइएपछि गुरुङ सहित ट्रकलाई नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ । गाँजाको विषयमा थप अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ ।

# जलवायु परिवर्तनको मुद्दामा राज्य होटलमै व्यस्त, समुदाय मार खेप्दै

निशा गुरुङ

हेटौंडा, ११ पुस/ वायुमण्डलमा तापक्रम घट्ने र बढ्ने प्रक्रियाबाट विकसित जलवायु परिवर्तनको असरबाट समुदाय पीडित बनिरहँदा राज्य भने अनुदार बनेको आरोप लागेको छ ।

जलवायु परिवर्तनको असरबाट जुध्न बाध्य समुदायसम्म पुग्न नसकेको सरकार जलवायु परिवर्तनको मुद्दामा होटलमै बसेर बहस र पैरवी मात्रै गरिरहेको सरोकारवालाहरुले आरोप लगाएका हुन् । हेटौंडामा आयोजित जलवायु परिवर्तनमा सीमान्तकृत समुदायमा पारेको प्रभाव र राज्यको दायित्व विषयक बागतमी प्रदेशस्तरीय सम्मेलनमा सहभागी सरोकारवाला निकायले राज्य जलवायु परितर्वनको मुद्दा लिएर समुदायस्तरमा पुग्न नसकेको जिकिर गरेका छन् । जलवायु परिवर्तनको असर भोग्दै आएका सीमान्तकृत, गरिव, विपन्न वर्गमा राज्य पुग्न नसकेको र माथिमाथि बहस र पैरवीमा मात्रै अड्किएको सरोकार वालाले बताए ।



जलवायु परिवर्तनका असरले समुदायस्तरमा नराम्रो प्रभाव भइरहँदा पनि सरकार गम्भीर र संवेदनशील बन्न नसकेको आरोप लगाइएको हो । बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईं 'गाउँ, सीमान्तकृत तथा विपन्न वर्गमा जलवायु परिवर्तनको अवस्था र यसका असरबारे कति बुझाउन सक्यौं ?', भन्दै प्रश्न गर्छिन् । उनले जलवायु परिवर्तनको मुद्दामा राज्य माथिमाथि उडेको आरोप लगाइन् । 'समुदायमा खोई पुगेको, जलवायु परिवर्तनको मुद्दामा राज्य माथिमाथि उडेर बसेको छ ।', उनले भनिन् । उपसभामुख चापागाईंले स्थानीयस्तरमा यसको असर र प्रभावका बारेमा जानकारी गराउनुपर्नेमा जोड गर्छिन् ।

जलवायु परिवर्तनका कारण उत्पन्न परिस्थितिबाट विपन्न वर्गका महिलाहरु स्वास्थ्य समस्याबाट गुज्रिरहेको उनको भनाई छ । शिक्षा, स्वास्थ्य र कृषि उत्पालनमा जलवायु परिवर्तनले प्रत्यक्ष असर पुऱ्याइरहेको उनले बताइन् । 'ग्रामीण क्षेत्र यसको असरबाट प्रभावित छ । तर, गाउँमै जलवायु परिवर्तनको असरहरु नियन्त्रणका योजना पुग्न नसक्नु दु:खद् विषय हो ।', जलवायु परिवर्तनसम्बन्धी कानुन, नीति, नियम अपाङ्ग जस्तै भएको उनको भनाई छ । जलवायु परिवर्तनको विषयमा स्थानीय सरकारलाई प्रत्यक्ष जोडेर काम गर्नुपर्ने उपसभामुख चापाईंले बताइन् ।

बागमती प्रदेशसभा सदस्य तथा सामुदायिक वन उपभोक्ता महासंघकी केन्द्रीय अध्यक्ष भारती पाठकले जलवायु परिवर्तनको विषयमा राज्य गम्भीर बन्न नसकेको आरोप लगाइन् । 'नदी, नाला, तालतलैया, सिमसार सुकेका छन् । बस्ती विस्तापित हुँदै गइरहेको छ । सिचाईं क्षेत्रमा सिचाई हुन नसकेको अवस्था छ ।', माडी नगरपालिकाकी प्रमुख ताराकाजी कुमारी महतोले भनिन् । उनले जलवायु परिवर्तनले पुऱ्याएको असरबारे जानकारी दिँदै राज्यले व्यवस्थित योजना बनाएर जान नसकेमा ठूलो क्षति हुनेतर्फ संकेत गरेकी छन् ।

चितवन सक्रिय महिला प्रतिष्ठान, मकवानपुर महिला समूह, स्वाम नेपाल, युथ अभियानको संयुक्त आयोजना र एक्सन एडको सहयोगमा नेपालमा जलवायु परिवर्तनको असर तथा यसबाट परेको प्रभाव न्यूनीकरणमा राज्यले अपनाइरहेको अनुकुलनका उपाय तथा अपनाउनुपर्ने नीतिगत व्यवस्थाबारे सम्मेलनमा छलफल भएको छ । सम्मेलनमा जलवायु परिवर्तन र अनुकुलनको लागि भएका नीतिगत व्यवस्था र सरकारले बजेट व्यवस्थापनमा कसरी जलवायु परिवर्तन र सीमान्तकृतको सवाललाई सम्बोधन हुने गरी अनुकुलनका कार्यक्रम ल्यायो भन्ने सम्बन्धमा छलफल गरिएको थियो ।

कार्यक्रममा प्रदेशसभा सदस्य भारती पाठक, माडी नगर पालिकाकी प्रमुख ताराकाजीकुमारी महतो, सामाजिक विकास मन्त्रालयका उपसचीव खुबीराम अधिकारी, गैसस महासंघ प्रदेश अध्यक्ष आरती पाठक, सहयोगी संस्था एक्सन एडका परि योजना अधिकृत कविता बस्नेत, मकवानपुर महिला समूह अध्यक्ष निशा लामालगायतले जलवायु परिवर्तनले पारेको असरका बारेमा धारणा राखेका थिए । सम्मेलनमा वातावरणका क्षेत्रमा क्रियाशील मुकेश पोखरेलले जलवायु परि वर्तनको अवधारणा र त्यसले सीमान्तकृत समुदायमा पार्ने प्रभावका बारेमा कार्यपत्र प्रस्तुत गरेका छन् ।

पोखरेलले सीमान्तकृत समुदायमा जलवायु परिवर्तनको असर बढी परेको बताए । महिला तथा सीमान्तकृत समुदायको जीविकोपार्जन तुलनात्मक रुपमा प्राकृतिक स्रोतमा बढी निर्भर रहेको र यी स्रोतहरु जलवायु परिवर्तनका असरप्रति अति संवेदनशील रहेका कारण स्रोतहरुको उपलब्धता र गुणस्तरमा आएको क्रमिक ह्रास तथा क्षतिका कारणले सीमान्तकृत समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको उनको भनाई छ । जीविकोपार्जनका वैकल्पिक अवसरको अभावका कारण उनीहरु परिवर्तित प्रतिकूल परिस्थितिको सामना गर्न असमर्थ हुने गरेको पोखरेलको दाबी छ ।

जलवायु परिवर्तनको कारक हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका ज्यादै न्यून भएपनि यसको असर देखापरिसकेको पोखरेलले बताए । नेपालमा कृषि, जलस्रोत, जैविक विविधता तथा मानव स्वाथ्यलगायतका क्षेत्रमा जलवायु परिवर्तनले प्रभाव पारेको छ । पानी पर्ने समयमा फेरबदल र मौसममा गडबडी हुँदा खेती लगाउन समस्या हुने उनले बताए । भूक्षय र बाढीपहिरोका घटना बढ्नाले माटोको उर्वरा शक्ति घट्नाले कृषि उत्पादनमा ह्रास आउने पोखरेल बताउँछन् । नयाँ खालका कीटाणु तथा रोगव्याधि निस्किएर बालीनालीलाई क्षति पुऱ्याउने समस्या जलवायु परिवर्तनको कारण रहेको कार्यपत्रमा उल्लेख छ ।

# मनहरीमा दुर्घटनाको अवस्था बुझ्न जाँदा गाँजासहित तीनजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ मकवानपुरको पश्चिमीक्षेत्र मनहरी गाउँपालिकामा भएको सवारी दुर्घटनाको अवस्था बुझ्न गएको प्रहरी टोलीले लागूऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ ।




पूर्व-पश्चिम राजमार्ग अन्तर्गत महनरी-९ रमनटारमा भएको दुर्घटनामा घाइतेको उद्धारका लागि पुगेको प्रहरीले लागूऔषध गाँजा बरामद गरेको हो । गाँजा ओसार पसारको आरोपमा तीन जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा मोटरसाइकल चालक मकवानपुर कैलाश गाउँपालिका-७ बस्ने २५ बर्षीय हरि प्रजा, मोटरसाइकलमा सवार सोही ठाउँका १८ बर्षीय प्रस्थान प्रजा र ट्याङकर चालक रहेका छन् ।

सोमबार रमनटारस्थित सडक किनारमा रोकिराखेको ना ४ ख ९४३३ नम्बरको ट्यांकरमा बा ४० प ८२७३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा दुर्घटना भएको थियो । उद्धार गर्न घटनास्थलमा पुगेको प्रहरीले दुर्घटनामा परेको मोटरसाइकल र घाइते फेला नपरेपछि घटनास्थल नजिकै झाडीमा लुकाईराखेको अवस्थाबाट १० किलो लागूऔषध गाँजा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

घटनास्थलमा घाइते फेला नपर्नु तर, नजिकै झाडीमा लागूऔषध फेला परेपछि प्रहरीले अनुसन्धान सुरु गरेको थियो । प्रहरीका अनुसार अनुसन्धानको क्रममा मोटर साइकलमा सवार व्यक्तिहरु मनहरीमै आफन्तको घरमा रहेको जानकारी पाएपछि प्रजाद्वयलाई घाइते अवस्थामा फेला परेको थियो ।

मोटरसाइकल चालक हरिलाई प्राथमिक स्वास्थ्यकेन्द्र मनहरीमा सामान्य उपचार पश्चात थप उपचारर्थ भरतपुर अस्पताल चितवन पठाइएको प्रहरीले जनाएको छ । बाँकी दुई जना प्रहरी हिरासतमा छन् ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न

## बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि ९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०



मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# नैतिकता र ईमान्दारिताको खडेरी

हेटौंडा उपमहानगरपालिका-१६ मा रहेको शिवम् सिमेन्ट उद्योगले नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई पौने ३ अर्ब रुपैयाँ विजुलीको महशुल बुझाउन बाँकी रहेको छ । शिवम् सिमेन्टले प्राधिकरणलाई दुई अर्ब ७३ करोड ७६ लाख रुपैयाँ महशुल तिर्न बाँकी रहेको नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले जानकारी दिएको छ । यो रकम २०७२ सालदेखि २०७५ सालसम्मको डेडिकेटेड फिडर उपयोग गरेबापतको जरिवाना सहितको महशुल भएको प्राधिकरणले जनाएको छ । उद्योगले नियमितरुपमा मासिक महशुल बुझाएको छ । डेडिकेटेड फिडर प्रयोग नगरेको उद्योगले दाबी गर्दै उद्योग सर्वोच्च अदालतसम्म पुगेको थियो । सर्वोच्चबाट उद्योगको विपक्षमा फैसला आएपनि उद्योगले डेडिकेटेड फिडरको बक्यौता रकम तिरेको छैन ।

महशुल भुक्तानी गर्न आग्रह गर्दै प्राधिकरणले बारम्बार उद्योगलाई पत्र पठाएको छ । अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको कारणले उद्योगको लाइन काट्न नसकिएको प्राधिकरणले जनाएको छ । मुद्दा किनारा लाग्नेबित्तिकै उद्योगको विद्युत लाइन काट्न प्राधिकरण तयारी हालतमा बसेको छ । यहाँ चोरपुलिस खेलको झल्को आइरहेको छ । व्यवसायमा नैतिकता र सरकारमा ईमान्दारिता पटक्कै देखिएन । निजी क्षेत्रले व्यवसायिकरुपमा नैतिकता देखाउन सकेनन् । राज्यले पनि ईमान्दारिता देखाउन सकेन । नैतिकता र ईमान्दारिताको खडेरीका कारण समस्या सृजना भएको छ । केहीदिन अघिमात्रै नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनको बिल नतिर्ने ४ उद्योगको लाइन काटेको थियो । विद्युत प्राधिकरणले शुक्रबार ४ उद्योगको लाइन काटेको थियो । आइतबार ५ उद्योगको लाइन काटेको थियो भने सोमबार केही उद्योगको लाइन काटिएको छ । शुक्रबार १ अर्ब रुपैयाँ बढी बक्यौता रहेका ४ उद्योगको लाइन काटेको प्राधिकरणले आइतबार ५० करोड रुपैयाँभन्दा बढी बक्यौता भएका उद्योगको विद्युत काटिएको हो । अहिलेसम्म लाइन काटेका ९ उद्योगले ११ अर्ब ७७ करोड १७ लाख रुपैयाँ तिर्नुपर्ने प्राधिकरणको दाबी छ । डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेबापतको बक्यौता महशुल नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले उद्योगको लाइन भटाभट काट्न थालेपछि नेपाल उद्योग परिसंघले टाइम अफ डे (टीओडी) मिटरको तथ्यांक माग गर्न थालेको छ । प्राधिकरणका अधिकारीले यो तथ्यांक दिन नसकिने बताएका छन् ।

परिसंघले पत्रकार सम्मेलन गरी टीओडी मिटरको तथ्यांक उपलब्ध गराए प्राधिकरणको मागबमोजिम महशुल भुक्तानी गर्न सकिने स्पष्ट पारेको छ । प्राधिकरणले २०७५ वैशाख ३१ गते देशभर लोडशेडिङ अन्त्य भइसकेपछिको समयको बिलिङ गरेको उद्यमीहरुको भनाइ छ । बिल भुक्तानी गर्न पटकपटक ताकेता भएपनि नतिरेपछि ती उद्योगको लाइन काटेको प्राधिकरणले जनाएको छ । नेपाल उद्योग वाणिज्य महासंघले विज्ञप्ती जारी गरेर अधिकारसम्पन्न उच्चस्तरीय आयोगको माग गरेको छ भने परिसंघले प्राधिकरणले फर्जी बिलका आधारमा भुक्तानी माग गरी उद्योग बन्द गराउन खोजेको आरोप लगाएको छ । पछिल्लो समय उद्योग व्यवसायिका समस्यामा एकमत हुने तीन व्यावसायिक संस्थाबीच सहमति जुट्न नसक्दा सरोकारवालालाई खेल्न ठाउँ भएको छ । अहिलेसम्म लाइन काटेका ९ उद्योगले ११ अर्ब ७७ करोड १७ लाख रुपैयाँ तिर्नुपर्ने प्राधिकरणको दाबी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस १३ गते शुक्रबार, २९ डिसेम्बर २०२३ । द्वितीया, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:१६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# 'शिक्षा एकातिर छ, जागिरमा गरिने काम-कारबाही अर्कोतिर'



✍ डा. विष्णु कार्की

हामी वास्तवमा एउटा स्पष्ट परिभाषाबाट डोरिएका छैनौं । एउटा समय थियो, जतिखेर छोरीलाई पनि विद्यालय पठाउनुपर्छ भन्ने हाम्रो राष्ट्रिय नारा थियो । त्यतिखेर धेरै ठाउँका छोराहरू पनि विद्यालय नपुगेको अवस्था थियो । त्यहाँबाट छलाङ मारेर अहिले हामी यस्तो अवस्थामा आइपुगेका छौं, कसैले पनि छोराछोरीलाई विद्यालय पठाउनुपर्छ भन्ने नारा लगाउन छाडे, किनभने त्यो अवस्था हामीले गुजारिसक्यौं ।

अहिले आएर हामी केही चिजमा अलमलिइरहेका छौं, त्यसबाट बाहिर निस्कन सकेका छैनौं, यसमा हामीजस्ता शिक्षाकर्मीको पनि कमजोरी देख्छु, मेरो आफ्नै पनि कमजोरी देख्छु ।

हामीले अभिभावक वा बजारलाई यो सन्देश दिन सकिरहेका छैनौं कि शिक्षा भनेको विद्यालयमा मात्रै निहित हुँदैन, जीवनमा हामीले जति सिक्नुपर्ने हुन्छ, त्यसको १० प्रतिशत मात्रै विद्यालयमा सिकाइएला । उसले सिक्नुपर्ने ९० प्रतिशत अन्य 'स्किल', सामाजिक मूल्यहरू वा समाजका अन्य विविध विषयहरू विद्यालयमा सिकाइँदैन, यी कुरा उसले बाहिर वा समाजबाटै सिक्नुपर्छ ।

मैले मास्टर गरेर जतिखेर शिक्षा मन्त्रालयमा जागिर खाएँ, त्यतिखेर मैले गरेको मास्टर डिग्रीले त्यहाँ हुबहु काम गर्ने अवस्था थिएन । मैले काम कसरी गर्ने भनी सुरुदेखि नै सिक्नुपर्ने थियो । अर्थात्, शिक्षा एकातिर छ, जागिरमा गरिने काम-कारबाही अर्कोतिर छ । जागिर खानका लागि पहिलो आवश्यकता मात्रै भयो, सर्टि'फिकेट । सर्टिफिकेटबिना लोकसेवा भिड्न पाइँदैन । त्यसपछि लोकसेवा पास गर्नलाई तपाईंले सामान्य ज्ञानदेखि थुप्रै विषय पढ्नुपर्छ, जुन कुरा विद्यालयमा पढाइएन । लोकसेवाका लागि कोचिङ क्लासदेखि विभिन्न तयारी समेत गर्नुपर्छ ।

यसरी हेर्दा हामीले शिक्षालाई परिवर्तन गर्न सकेनौं । शिक्षा लिएको मान्छेले सिधै रोजगारको अवसर पाउने पनि होइन । अहिले जति पनि खाडी मुलुक लगायत देशमा रोजगारीका लागि गइरहेका छन्, उनीहरूका लागि एसएलसी वा एसईईको सर्टिफिकेट वा शिक्षाले काम गर्दैन । उसले सम्बन्धित देशको भाषा पढ्नैपर्छ । त्यहाँ गएर उसले जे काम गर्छ, त्यसमा पनि उसको शिक्षाले काम गर्दैन । हामीले स्कुले शिक्षालाई यति रिजिड बनाइँदियौं, के भन्यौं भने- तिमी विद्यालयमा आऊ, पढ, पास गर । हाम्रा विद्यालयले कम्तीमा पास र फेल गराउन भने जानेका छन् । यसमा शिक्षकहरू झन् माहिर छन् ।

एकचोटि शिक्षक भएपछि उसले जिन्दगीभरि आफूलाई अपडेट गर्नुपर्दैन, ऊ जिन्दगीभरि शिक्षक भइरहन्छ । त्यसपछि ऊ विद्यार्थीलाई पास वा फेल गरेर बसिरहन्छ । हामीले शिक्षाको अर्थमा विविधता ल्याउन सकेनौं ।

कसैले प्रगति गर्न, आफ्नो एउटा पहिचान बनाउन वा कुनै क्षेत्रमा संघर्ष गर्नका लागि उसलाई चाहिने सीप के हो, दक्षता के हो, यसबारे हामीले औंल्याउन सकेनौं । उसलाई चाहिने सबै सीप विद्यालयमै सिकाउनुपर्छ भन्ने होइन । तर हामी यसकै पछाडि लागिरहेका छौं । अहिले तपाईंले सबै करिकुलम (पाठ्यक्रम) हेर्नुभयो भने यति गाईजात्रा छ, क्लाइमेट चेन्जदेखि फ्यामिली प्लानिङसम्म नानाथरी कुरा राखेर त्यसलाई खिचडी बनाएका छौं ।

विद्यार्थीलाई अन्य सीप सिक्नका लागि चाहिने विशुद्ध आधारभूत वातावरण सिर्जना गर्नु नै स्कुलको करिकुलमको एक मात्र उद्देश्य हुनुपर्ने हो । सामान्य लेखपढ र कम्युनिकेट गर्नेजस्ता आधारभूत ज्ञान भएन भने उसले अन्य सीप सिक्न गाह्रो हुन्छ । चाहे त्यो फरक क्षमता भएकाहरूले ब्रेललिपि वा साइन ल्याङ्ग्वेजमार्फत सिकून् । अरु ठूलो सीप वा विषय सिक्नका लागि बेसिक ज्ञान पहिले हुनुपर्‍यो । स्कुलले गर्ने बेसिक फङ्सन (कार्य) भनेको यही हो । तर हामी आफैंले यस्तो रिजिड सिस्टम क्रेट गरिरहेका छौं, विद्यालयमा आएर सर्टिफिकेट नलिएसम्म मान्छेको अरु कुनै कुरामा पहुँच हुँदैन । सर्टिफिकेट लिनका लागि विद्यालय नै जानुपर्ने किन ? अब हामीले के महसुस गर्नुपर्छ भने सबै सीप विद्यालयमा सिकाउन सकिँदैन र सिकाउन जरुरी पनि छैन । किनभने त्यहाँको शिक्षक हरेक विधाको एक्स्पर्ट हुँदैन । हरेक विधा जान्ने एक्स्पर्ट हरेक विद्यालयमा उपलब्ध गराउन पनि सकिँदैन ।

अन्य देशमा शिक्षा एकदमै सहज हुन्छ । त्यसैले हाम्रा विद्यार्थी बाहिर पढ्न जान चाहन्छन् । यहाँजस्तो उहाँ धेरै विषय पढ्न पर्दैन । आफूलाई मन लागेको सीमित विषय पढ्न पाइन्छ । आफूले कुन विषय पढ्ने भनेर कन्सेप्ट लेखे अनुसार पढ्न सकिन्छ । जस्तो : कसैले एजुकेसनमा पीएचडी गर्न त्यहाँ ५० वटा विषय पढ्नुपर्दैन । एजुकेसनभित्रको पनि कुन चाहिँ डोमेन (कार्यक्षेत्र)मा फोकस गर्ने हो, त्यससम्बन्धी कुरा पढे पुग्छ । 'इन्टरनेसनल एजुकेसन'मा पीएचडी गर्ने भए त्योसँग सम्बन्धित कुराहरू पढे पुग्छ । बाँकी कुरा आफूले अनुसन्धान गर्ने हो । यो खालको लचकता हाम्रो शिक्षामा छैन । हामीले यो किसिमले लचक हुन जरुरी छ ।

यहाँले शिक्षाको परिभाषाको कुरा गर्नुभयो, वास्तवमा एउटा गम्भीर परिभाषा हामीलाई जरुरी छ । अघि मैले भनें, हामीले स्कुलमा १० प्रतिशत सिक्छौं भने बाँकी ९० प्रतिशत कुरा के हुन् भनी भनिदिनुपर्छ । समाजबाट सिक्ने सामाजिक मूल्य, केही सीप जुन विद्यार्थीले घरमै सिक्न सक्छ । जस्तो : खाना पकाउने कुरा । यो आधारभूत सीप हो, यसलाई कुनै स्कुल-कलेज वा क्याम्पसमा पढ्न जरुरी छैन । विद्यार्थीलाई स्कुल-कलेजले भन्नुपर्‍यो– यी आधारभूत सीप घरमा वा घरनजिकै संस्था, फर्म वा कारखानामा गएर सिकेर आऊ, हामी परीक्षा लिन्छौं । एउटा सानो उदाहरण, मेडिकल क्षेत्र पढ्दै गरेको व्यक्तिलाई अस्पताल वा बिरामीहरूको वातावरणसँग परिचित बनाउनुपर्छ ।

हामीकहाँ कस्तो भयो भने डाक्टरले नर्सलाई अह्राउने, इन्जिनियरले अरुलाई अह्राउने गरिन्छ । पढेर आएपछि त ऊ अगाडि सर्नुपर्छ, उसले फिल्डको काम जानेको हुनुपर्छ । अनि उसको पढाइले सही सेवा दिने वातावरण बन्छ । विदेशमा घरमा आएर दराज बनाउने वा बिजुली लगायतको काम गर्ने मानिस इन्जिनियर हुन्छ । ऊ आफैं आएर भन्छ, मैले फलानो ठाउँबाट फलानो विषयमा इन्जिनियरिङ गरेको छु । हामीकहाँ कहिल्यै पनि इन्जिनियर काम गर्न आउँदैन, कामदार आउँछ । यसरी हाम्रो पढाइ र सीपको प्रयोगबीच 'डिसकनेक्ट' भएको छ । इन्जिनियरिङ पढ्ने विद्यार्थीलाई सुरुदेखि नै सम्बन्धित क्षेत्रको बारेमा बुझ्ने वातावरण दिनुपर्‍यो । हामीकहाँ एकाएक कक्षा १२ पास गरिसकेपछि मात्रै डाक्टर, इन्जिनियर वा अरु के विषय पढ्ने भनेर सोच्न थालिन्छ ।

पछिल्लो समय हामीकहाँ पनि कक्षा ९ देखि विद्यार्थीले भविष्यमा पढ्ने विषयसँग सम्बन्धित विषय पढाइन्छ । तर हामी अझै पनि यति पेडागोजिकल (शैक्षणिक) छौं, विद्यार्थीलाई आफ्नो विषयसँग सम्बन्धितमा क्षेत्रमा पठाउँदैनौं । जेजति सिकाइ हुन्छ, क्लास रुमभित्रै हुन्छ । हाम्रो दुर्दशा यही हो । सर्टिफिकेट पाउन स्कुलमै पढ्नुपर्छ, तर त्यहाँ पढेर जति जानिने हो, त्यति जान्नेलाई सर्टिफिकेट वा लाइसेन्स दिने व्यवस्था हामीकहाँ छैन । यस कारण हाम्रो शिक्षाको पुनर्परिभाषित हुन आवश्यक छ । हाम्रा अभिभावकदेखि शिक्षक, बौद्धिक वर्ग सबैले के कुराको महसुस गरिदिनुपर्‍यो भने, अबको शिक्षा भनेको विद्यालयमा शतप्रतिशत निहित वा आश्रित होइन, विद्यालय नै सम्पूर्ण होइन है, त्यहाँको सिकाइले मात्रै काम गर्दैन ।

*(साभार: रातोपाटी)*

# मैले देखेको नेपाल



✍ केपी शर्मा ओली



नेपाल धरतीको यस्तो भूखण्ड हो जो असाधारण, अनुपम र अद्वितीय छ । यो विस्मयकारी भूगोल हो । यहाँ सर्वोच्च शिखर सगरमाथा मात्र होइन, ८ हजार मिटरभन्दा अग्ला थुप्रै हिमशिखर छन् । समुद्री सतहबाट ५८ मिटर उचाइमा रहेको होचो भूभाग कचनाकवल (केचना) जस्तो ठाउँ पनि यहीं छ । यहाँ प्राकृतिक विविधताका यस्ता अनेक दृष्टान्त छन् ।

हाम्रो हिमालले हिउँ ओढेर बस्छ, चट्टान बोकेर बस्छ र पानी समातेर बस्छ । यहाँ उर्वर र हरिया पहाडहरू छन् । यसका चट्टानभित्रबाट पानीका मुहान फुट्छन् र पुन:सिञ्चनको प्रक्रिया निरन्तर चलिरहन्छ ।

यहाँ वनस्पति लगाउनुपर्दैन, आफैं उम्रिन्छ । फूल रोप्नुपर्दैन, आफैं उम्रिन्छ । रूख, लता, लतिका र लहरा वनमा आफै उम्रिन्छन् । यिनलाई कसैले सिञ्चन गरेको छैन । आफैं र माएर फुलेका छन्, मुस्कुराएका छन् । कसैका हरिया बाक्ला पात हुन्छन्, कसैका साना मसिना पात । तिनमा बस्न चराहरू आफैं पैदा भएका छन् । तिनको रस चुस्न पुतली, माहुरी, भमरा आदि आफैं उत्पन्न भएका छन् । झारहरूमा खेल्न विभिन्न कीटपतङ्ग आफैं पैदा भएका छन् । पानीहरूमा खेल्न माछा, भ्यागुता, गड्यौला आदि आफैं उत्पन्न भएका छन् । तिनमा पनि उचाइ, पानीको तापक्रम र वेगअनुसार विभिन्न प्रजाति छन् ।

यहाँको पर्या-पर्यावरण कति गजब छ भने पाटेबाघ यहीं छ, हरिण यहीं छ । हरिणले खाने पनि यहीं छ, हरिणलाई खाने पनि यहीं छ । अनौठो चक्र छ प्रकृतिको । अनौठो चक्र छ जीवनको । अक्सिजन लिने जीवन छन् अनि अक्सिजन दिने वनस्पति छन् । यहाँ चिसो र तातो रगत भएका दुई थरी प्राणी बस्छन् । मानिस र अरू जीवजन्तु तातो रगत भएका हुन् भने चिसो रगत भएका सर्प, माछा, भ्यागुता लगायत सरीसृप पनि छन् । जसले जति न्यानोको प्रबन्ध गर्न सक्छ, ऊ चिसो ठाउँमा मस्तसँग बसेको छ । लामालामा रौं भएका चौंरी, याक, भेडा यसका नमुना हुन् । केही व्यावसायिक माछापालनलाई छाड्ने हो भने खेत, खोला र तलाउमा कसैले माछाखेती गरेको छैन । ती आफैं पानीमा अस्तित्वमा छन् ।

यहाँको प्रकृति जीवनमय छ । जीवनलाई सुरक्षित, सहज र अनुकूल बनाउन पशुपालन, खेतीपाती र आगोको प्रयोग यहीं सुरु भयो । फलफूल, कन्दमूल यहीं सृष्टि भए । मरुभूमिमा यहाँको जस्तो मौसमी परिवर्तन देख्न सकिँदैन । यो भूखण्ड चामत्कारिक छ । हात्ती, गैंडा, पाटेबाघ, ध्वाँसे बाघ यहीं पैदा हुन्छन् । अर्ना, नीलगाई, चौंरी, याक यहीं छन् । डाँफे, मुनाल अनि मयूर यतै नाच्छन् । बाह्रसिंगा र मुडुला पनि यहीं छन् । वरिपरि यसो नियाल्यो भने जीवन र प्रकृतिको दर्शन बुझ्न सजिलो हुन्छ । प्रकृतिले आफ्नो निरन्तरता अनि परिवर्तनशीलतालाई बुझेको छ ।

यही भूभागमा ज्ञानको प्रारम्भ भयो । चेतनाको प्रारम्भ भयो । सबभन्दा प्राचीन दर्शन यहींको हो । त्रेतायुगमै हाम्रो जनकपुरमा ब्रह्माण्ड, सृष्टि, जीवन, मरण, चेतना, शरीर आदि विषयमा शास्त्रार्थ हुने गरेको पाइन्छ । बीज के हो ? रूख के हो ? बीजले आफ्नो पुर्खाका सबै कुरा सम्झिएर बसेको हुन्छ । एउटा सुकेको जस्तो देखिने बीज मलिलो माटो पाउनेबित्तिकै उम्रिन्छ । बाउबाजे जस्ता थिए, त्यस्तै हुन्छ । रंग पनि त्यस्तै लिन्छ, आकार, गन्ध पनि उस्तै हुन्छ । देख्दा, सुँघ्दा र छाम्दा त्यस्तै हुन्छ । पुर्खा के खान्थे, त्यही खान्छ । पुर्खा कस्तोमा रमाउँथे, त्यस्तैमा रमाउँछ । बिरुवा उमारेपछि बीज आफू नष्ट हुन्छ । पुर्खाको आकार लिने काम तिम्रो, सन्तानलाई निरन्तरता दिने काम तिम्रो, पुर्खाजस्तै फुल्ने, बास्ना छर्ने र स्वाद दिने काम तिम्रो भनेर सम्पूर्ण कुरा बिरुवालाई जिम्मा लगाउँछ । कुनै लहरो छ भने उसमा कसरी चढ्ने भन्ने 'जेनेटिक मेमोरी' हुन्छ । आफ्नो तौल थाम्ने गरी जरा हाल्नुपर्छ भन्ने पनि उसलाई थाहा छ ।

यस्ता विषयमा अष्टावक्र, याज्ञवल्क्य, गार्गी आदिबीच विमर्श हुन्थ्यो । महर्षि जनक आफैं पनि त्यस्ता शास्त्रार्थमा सहभागी हुन्थे । ग्रन्थ, शास्त्र आदि ठेली पछि लेखिएका हुन् । पाँच-छ हजार वर्षअगाडि न अंक बनेका थिए, न त अक्षर । कल्पनाको उडान अनि अन्दाजका भरमा गरिने सुन्दर चित्रण यही भूमिमा भएको थियो । हाम्रो साहित्यिक कलाचेतना असाधारण छ । यो ज्ञानभूमि हो । चेतनाको भूमि हो । दुनियाँको पहिलो बाजा यतै बज्यो, पहिलो गीत यतै गाइयो । मानव कण्ठबाट सुमधुर स्वर निस्कियो, यसै भूमिमा ।

आगो चिन्ने भूमि पनि यही हो । पकाएर खान जान्ने हाम्रै पुर्खा हुन् । अक्षर र अंक यसै भूमिमा जन्मियो । ज्ञान प्रस्फुटन हुन थालेपछि श्रुति परम्परा हुँदै लेख्य परम्पराको सुरुआत भयो । पहिलो वेद लेखियो । मानव चेतना, विकास, राजनीतिको हिसाबले व्यवस्थित थिति, विधि र न्यायप्रणालीको सुरुआत भयो । त्यति बेला समाज विकास र ज्ञान विकासको गति धीमा थियो । तर असाधारण प्रगति भएको थियो । ज्ञानको उन्नतिलाई आगोजसरी जोगाएर राखिएको थियो ।

त्यति बेला भनेको समयमा आगो निकाल्न सकिँदैनथ्यो । हरेक घरले आगो जोगाएर राख्थ्यो । आगो जोगाउने जिम्मेवारी घरको जेठो सदस्यको हुन्थ्यो । धुनी जगाएर राख्नु सानो कुरा थिएन । झटपट वा उत्तिन्खेरै वा छिटै हुने कामलाई 'आगो लिन जाने जस्तो' भन्ने आहान नै चलेको छ । आगो नभईनहुने कुरा थियो । कथंकदाचित् आगो निभ्यो भने छिमेकीकहाँ आगो लिन जाने कुरा हुन्थ्यो । सबै सामल ठिक्क पारेर राख्यो, आगो आउनेबित्तिकै पकायो, खायो ।

चिकित्साशास्त्रको थालनी यसै धरतीमा भयो । शल्यक्रिया यही भूमिमा प्रयोग भयो । अश्विनीकुमारसम्मको कुरालाई मिथक मान्ने हो भने पनि ऋषि चरक यसै भूमिमा जन्मिए । उनी आयुर्वेदका जनक थिए । चरकसंहिता आज पनि अस्तित्वमा छ । आधुनिक चिकित्साका जनक हिपोक्रेटसभन्दा पहिले यसै भूमिमा सर्जरी चलेको थियो । त्यति बेला आयुर्वेद व्यवस्थित शास्त्रका रूपमा आइसकेको थियो । लक्ष्मण बिरामी हुँदा हनुमानले सञ्जीवनी बुटी नचिनेर पर्वत नै उठाएर ल्याएको कथा छ । ऋषि सुश्रुतले उहिले नै कोशी किनारमा काटिएको औंला जोडिदिएका थिए । लडाइँमा काटिएर भुइँमा झरेको नाक जस्ताको तस्तै जोडिदिनु सामान्य कुरा थिएन । उनले काटेका घाउ सिलाउने आदि काम गरे । मानवजातिको इतिहासमा त्यो धेरै महत्त्वपूर्ण घटना थियो ।

हाम्रो मध्ययुगीन अर्थतन्त्र आत्मनिर्भर किसिमको थियो । एउटा परिवारको आफ्नै घर र खेतबारी हुन्थ्यो । खेतबारीमा धान, मकै, गहुँ, तोरी, फापर, आलु, सागसब्जीको उत्पादन हुन्थ्यो । पशुपालन आफ्नै हुन्थ्यो । कुखुरा बाख्रा, सुँगुर, राँगा पालेका हुन्थे, आफ्नो आवश्यकता अनुसार तिनलाई प्रयोग गर्थे । गाईभैंसी पालेकाले दूध, दही, मही, घिउ छेलोखेलो हुन्थ्यो । कपासबाट कपडा बुनिन्थ्यो । कुकुर पाल्ने चलन थियो । कुकुरले घरको रखबारी गर्थ्यो । उसले घर वालाको इजाजत नलिईकन कसैलाई सोझै प्रवेश दिँदैनथ्यो । कुकुरले घरको मात्र नभईकन घोडा, बाख्रा, गाई, भैंसी आदिको पनि उत्तिकै रखबारी गर्थ्यो । स्यालजस्ता जनावर कुकुरको छेउमा आउनसमेत सक्दैनथे । त्यति बेलाको कुकुर कामकाजी हुन्थ्यो । सिकार पक्रन पनि मद्दत गर्थ्यो ।

पशुपालन र कृषिमा प्रवेश गरेपछि मानिसले नयाँ कुरा सोच्न थाल्यो । नयाँनयाँ आविष्कार गर्न थाल्यो । एक ढंगले खान-लगाउन पुगेपछि मानिस वाद्यवादन, ढुंगा, माटो र काठको कलातिर लाग्यो । चराको जस्तै भोलिपल्ट कहाँ गई खाने भन्ने चिन्ताबाट मुक्त भएपछि न चिन्तन सुरू हुने हो ! नयाँनयाँ ज्ञानको विस्तारमा पनि यो भूभाग अग्रणी छ । यसबीचमा विकासले धेरै रूप लियो । समुद्र किनारका देशहरूले डुंगाको प्रयोगलाई जहाजमा परिणत गरे । बारुदको प्रयोगले विस्फोटक चिज बनायो । त्यसले युद्ध जित्न मद्दत गर्‍यो । पछि बन्दुकको आविष्कार भयो । देश कब्जा गर्न झन् सजिलो भयो ।

मेसिन, इन्जिन, बारुद र बन्दुकको प्रभुत्वका कारण फिरंगीले हाम्रा धेरै भूभाग नियन्त्रण गरे । तर सबै भूभाग कब्जा गर्न भने सकेनन् । किनभने उनीहरू छिरेर आउन सक्ने गौंडा थिएनन् । उनीहरू उकालोमा कुद्न सक्ने कुरा भएन । हाम्रा पुर्खाले एक किलोमिटरसम्म घुएँत्रो फाल्न सक्थे । जबकि बन्दुकको गोलीले एक किलोमिटर हान्न सक्दैनथ्यो । त्यो मिसाइलको जमाना थिएन । हाम्रा पूर्वजहरूले बहादुरी देखाए । खुकुरी वा तरबार लिएर बन्दुक र तोपसँग लडे । आफूलाई अपराजेय सावित गरे । त्यसैले यो वीरभूमि हो । यो ज्ञानभूमि हो, तपोभूमि हो । यो आविष्कारको भूमि हो । त्यस कारण नेपालीहरू विद्वान्का सन्तान हुन् । वीरका सन्तान हुन् । आविष्कारकका सन्तान हुन् । कुनै समय र कुनै पक्षमा केही कमीकमजोरी देखिनु अर्को कुरा हो ।


मैले पहिले एउटा बीजको कुरा गरें । ओसिने वा गाडिने ठाउँ पायो भने सुकेको बीजले फेरि जीवन पाउँछ । सुकेको बीउभित्र हरियो सौन्दर्य लुकेको हुन्छ । हरेक बीजले आफ्नो पुर्खा सम्झिरहेको हुन्छ । यहाँका जनता विद्वान्, लडाकु र सिर्जनशील पुर्खाको 'मेमोरी पावर' हुन्। उनीहरूले खोज-अनुसन्धाताको 'मेमोरी पावर' बोकेर बसेका छन् । उनीहरूले अवसर पाए भने धेरै सदुपयोग गर्छन् र चामत्कारिक परिणाम हासिल गर्छन् । नेपाल पराधीन नै नभई जोगिएर बसेको देश हो । त्यसैले हाम्रो स्वतन्त्रता दिवस छैन । किनभने नेपाल कहिल्यै पराधीन भएन ।

*क्रमश: पृष्ठ-३....*

# सरकारलाई अधिक तरलताको लाभ, सस्तो ब्याजमा ऋण उठाउँदै

काठमाडौं/बैंकिङ प्रणाली भएको अधिक तरलताको लाभ सरकारले आन्तरिक ऋणमा प्राप्त गरेको छ । गत आर्थिक वर्षमा बैंकिङ प्रणालीमा तरलता न्युन हुँदा उच्च ब्याजदरमा आन्तरिक उठाउनु परेको सरकारले चालु आर्थिक वर्षमा भने सस्तोमै ऋण उठाउने सुविधा प्राप्त गरेको हो ।

सरकारले विकास ऋणपत्र मार्फत दीर्घकालीन र ट्रेजरी बिलमार्फत अल्पकालीन ऋण उठाउने गरेको छ । विकास ऋणपत्र एकपटक बोलकबोल गरेपछि त्यसको म्याद पूरा नहुँदासमम ब्याजदर घटाउन पाइँदैन । तर, अल्पकालीन ऋण उठाउन प्रयोग हुने ट्रेजरी बिल भने अवधि पूरा भएसँगै नवीकरण गर्नुपर्ने हुन्छ । गत आर्थिक वर्षमा तरलता कमी हुँदा ट्रेजरी बिलकै लागि सरकारले उच्च ब्याजदर तिर्नु परेको थियो ।




तर, यो वर्ष ट्रेजरी बिल्सहरु करिब ३ देखि ५ प्रतिशतको ब्याजदरमा बोलकबोल तथा नवीकरण भइरहेका छन् । जसले सरकारको आन्तरिक ऋणको ब्याज खर्च घटाउन मद्दत पुग्ने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका निमित्त प्रमुख डिलाराज गिरी बताउँछन् ।

गत वर्षको भन्दा निकै कम ब्याजदरमा ऋण उठाउन पाउँदा सरकारलाई पर्ने दायित्व पनि घट्ने गिरीले बताए । 'चालु आर्थिक वर्षमा आन्तरिक ऋणको ब्याज भुक्तानीको लागि करिब ९५ अर्बको लागत अनुमान गरेका थियौं । बैंकिङ प्रणालीमा तरलता सहज भएर बयाजदर घटेसँगै उक्त लागत पनि घट्ने अनुमान गरेका छौं,' उनले भने ।

गत आवमा आन्तरिक ऋणको ब्याज भुक्तानीमा करिब ६५ अर्ब खर्च भएको थियो । यो वर्ष आन्तरिक ऋणमा वृद्धि हुँदा पनि सोही हाराहारी लाग्ने अनुमान गरेको उनले बताए ।

चालु आर्थिक वर्षमा सरकारलाई सुरुमै पैसाको अभाव भएको र त्यसबेला ब्याजदर पनि कम भएकाले पहिलो र दोस्रो त्रैमासमै धेरै ऋण उठाएको गिरीले बताए ।

चालू आवमा दोस्रो त्रैमासको अन्त्यसम्म नै अधिक तरलताको अवस्था रहेकाले ब्याज कम भएर सरकारी ऋण उठाउन सहज भएको राष्ट्र बैंकको सहायक प्रवक्ता डा. डिल्लीराज पोखेल बताउँछन् ।

'साउन भदौ असोजमा तरलता सहज भएर चाडपर्वपछि कात्तिकबाट तरलता केही कमी भएर जाने गरेको थियो,' उनले भने, 'चालु आवमा मंसिर र पुसमा पनि बैंकिङ प्रणालीमा अधिक तरलता भएको अवस्था छ । सरकारले पनि प्रतिस्पर्धा बजारबाट ऋण उठाउनुपर्छ । तरलता सहज हुँदा सरकारले पनि नियमित आन्तरिक ऋणपत्र बोलकबोल तालिकाभन्दा अगाडि आएर ऋणपत्रको बोलकबोल गरिरहेको छ ।'

तरलता सहज भएको अवस्थामा लागत कम हुने भएकाले त्यसैलाई ध्यान दिएर ऋण उठाइएको उनले बताए । चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले ब्याजदर करिडोरको तल्लो सीमाका रुपमा रहेको निक्षेप संकलन दरलाई ५.५ प्रतिशतबाट ४.५ प्रतिशतमा ल्याएको थियो । सोही दरमा बैकिङ प्रणालीमा अधिक तरलता हुँदा स्थायी निक्षेप संकलन सुविधा दिने मौद्रिक नीतिमा उल्लेख्य थियो । तर, त्यसलाई कार्यविधि बनाई तेस्रो त्रैमासबाट मात्रै लागु गर्ने राष्ट्र बैंकले जनाएको छ ।

ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्र बैंकले निक्षेप संकलन दरभन्दा अन्तरबैंक ब्याजदर घटेपछि बैंकिङ प्रणालीबाट तलरलता खिच्नुपर्ने हुन्छ । तर, कात्तिकसम्म अन्तरबैंक ब्याजदर १ प्रतिशतमा आउँदा पनि तरलता खिच्न राष्ट्र बैंकले आनाकानी गरेपछि बैंकहरुले छोटो अवधिको सरकारी ऋणपत्र (ट्रेजरी बील) को ब्याजदर घटाएर बोलकबोल गर्दै गए ।

मंसिर तेस्रो साता आएको चालु आर्थिक वर्षको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षाबाट निक्षेप संकलन दर थप घटेर ३ प्रतिशतमा झारेसँगै राष्ट्र बैंकले लगातार रुपमा तरलता खिचिरहेको छ । ३ प्रतिशतभन्दा कममा राष्ट्र बैंकमा निक्षेप राख्नुभन्दा बैंकहरुले राष्ट्र बैंकबाट ओभरनाइट तरलता सुविधा पाउने नीतिगत दर भन्दा केही माथिल्लो ब्याजदरमा विकास ऋणपत्रमा लगानी गरिरहेका छन् । यस्तै निक्षेप संकलन दरभन्दा केही माथिल्लो ब्याजदरमा ट्रेजरी बिलमा पनि लगानी गरिरहेका छन् ।

चालु आर्थिक वर्षमा सकारले २ खर्ब ४० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य लिएको छ । त्यसमध्ये विकास ऋणपत्रबाट मात्रै १ खर्ब ७९ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य लिएको थियो । ५ पुससम्म ९६ अर्ब ३१ करोड रुपैयाँ बराबरको विकास ऋणपत्र बोलकबोल भइसकेको राष्ट्र बैंकले जनाएको छ । जसको औसत ब्याजदर ६.८० प्रतिशत रहेको छ ।

अधिक तरलता भएपछि सरकारी ऋणपत्रको ब्याजदर घटाएर पनि बैंकहरुले लगानी गरिरहेका हुन् । बैंकहरुमा तरलता कमी हुँदा सोही ऋणपत्र धितोमा राष्ट्र बैंकबाट तरलता सुविधा लिन सक्छन् ।

गत आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन गर्ने औजार विकास ऋणपत्रको औसत ब्याजदर ८.६४ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षमा वार्षिक लक्ष्यको करिब ६० प्रतिशत ऋणको बोलकबोल हुँदा औसत ब्याजदर ६.८० प्रतिशत रहेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ ।

गत आर्थिक वर्ष २०७९/८० मा सरकारको दिर्घकालीन आन्तरिक ऋण परिचालन गर्ने गर्ने औजार विकास ऋणपत्रको बोलकबोलको ब्याजदर करिब ११ प्रतिशतसम्म पुगेको थियो । तर, चालु आर्थिक वर्षमा भने राष्ट्र बैंकले विकास ऋणपत्रको ब्याजदर अधिकतम् ७ प्रतिशतमा बोलकबोल गर्दा पछिल्लोपटक ५ पुसमा ५.५६ प्रतिशतमै बोलकबोल भएको राष्ट्र बैंकले जनाएको छ ।

गत आर्थिक वर्ष २०७९/८० को ५ पुसमा वर्ष अवधिको ५ वर्षको विकास ऋणपत्र बोलकबोल भएको थियो । जसको ब्याजदर १०.९३ प्रतिशत कायम भएको राष्ट्र बैंकले जनाएको छ । यस्तै १३ मंसिरमा २ वर्ष अवधिको ८ अर्बको विकास ऋणपत्र बोलकबोल भएको थियो । जसको ब्याजदर १०.६४ प्रतिशत कायम भएको थियो । आर्थिक वर्षको अन्तिमतिर आउँदा बैंकिङ प्रणालीमा तरलता सहज भएर विकास ऋणपत्रको ब्याजदर पनि घटेको थियो । जसले गत आर्थिक वर्षमा सरकारले आन्तरिक ऋण उठाउने प्रयोग गरेको विकास ऋणपत्रको औसत ब्याजदर ८.६४ प्रतिशतमा झर्‍यो ।

२०७८ पुसपछि बैंकिङ प्रणालीमा देखिएको तरलता समस्याले गर्दा आन्तरिक ऋणको लागत क्रमश बढ्दै गएको थियो । २०७८ माघमा बोलकबोल भएको ३ वटा विकास ऋणपत्रको ब्याजदर ६ प्रतिशत भन्दा कम हुँदा २४ जेठ २०७९ मा बोलकबोल भएको विकास ऋणपत्रको ब्याजदर ९.२० प्रतिशतसम्म पुगेको थियो । कोभिडको कारण कर्जाको मागमा कमी हुँदा बैंकिङ प्रणालीमा अधिक तरलता भएको र बैंकहरुको निक्षेपको लागत समेत न्युन हुँदा आर्थिक वर्ष २०७७/७८ मा विकास ऋणपत्रको औसत ब्याजदर ४.३३ प्रतिशत मात्रै थियो ।

आर्थिक वर्ष २०७६/७७ मा ६.७७ प्रतिशत रहेको विकास ऋणपत्रको औसत ब्याजदर २०७७/७८ मा उल्लेख्य रुपमा घट्यो । तर, बैंकिङ प्रणालीमा तरलताको दवाब बढ्दै जाँदा आर्थिक वर्ष २०७८/७९ मा विकास ऋणपत्रको औसत ब्याजदर ७.७४ प्रतिशत र आब २०७९/८० मा ८.६४ प्रतिशतसम्म पुगेको थियो । चालु आर्थिक वर्षमा भने विकास ऋणपत्रको ब्याजदर क्रमश घट्दै गएको छ ।

मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा मार्फत राष्ट्र बैंकले ब्याजदर करिडोरअन्तर्गतको निक्षेप संकलन दर, नीतिगत दर र बैंकदर घटाएसँगै विकास ऋणपत्रको ब्याजदर पनि घट्दै गएको छ । मुद्रास्फीतिको दवाब कम हुँदै जाँदा राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा ६.५ प्रतिशत रहेको नीतिगत दर ५.५ प्रतिशतमा घटाएको छ ।

विकास ऋणपत्र मात्रै नभएर १ वर्ष भन्दा कम अवधिको ट्रेजरी बिल्सको ब्याजलर पनि घटेको छ । ८ पुसमा राष्ट्र बैंकले २८ दिन, ९१ दिन र ३६ दिन अवधिको ट्रेजरी बिल नवीकरणको लागि बोलकबोल गरेको थियो । जसमा २८ दिन अवधिको ट्रेजरी बिलको औसत डिस्काउन्ट रेट २.३५ प्रतिशत मात्रै कायम भएको राष्ट्र बैंकले जनाएको छ । यस्तै ९१ दिन अवधिको ट्रेजरी बिलको औसत डिस्काउन्ट रेट ३.३४१० प्रतिशत र ३६४ दिन अवधिको ट्रेजरी बिलको औसत डिस्काउन्ट रेट ४.१४८९ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

२ पुसमा १९२ दिन अवधिको ट्रेजरी बिल नवीकरणको लागि बोलकबोल भएको थियो । जसको डिस्काउन्ट रेट ३.८४६० प्रतिशत काय भएको थियो । साउन, भदौ र आसेजसम्म ५ देखि ६ प्रतिशतमा बोलकबोल भएको ट्रेजरी बिलको औसत डिस्काउन्ट रेट कात्तिकपछि भने घट्दै गएको छ

गत आर्थिक वर्षमा राष्ट्र बैकबाट बैंकदरमा तरलता सापट लिएर सरकारी ऋणपत्रमा लगानी गर्नुपर्ने अवस्था थियो । गत आवमा राष्ट्र बैंकले विभिन्न औजार मार्फत बैंकिङ प्रणालीमा ५५ खर्ब १८ अर्ब १९ करोड तरलता (कारोबारमा आधारित) पठाएको थियो ।

सरकारले चालु आर्थिक वर्षमा आन्तरिक ऋणको सावाँ तथा ब्याज भुक्तानीको लागि २ खर्ब ७५ अर्ब ७८ करोड ७४ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । चालु आर्थिक वर्षको ५ महिनामा सरकारले आन्तरिक ऋणको ब्याज भुक्तानीमै २७ अर्ब ७२ करोड खर्च गरिसकेको छ । यस्तै ४२ अर्ब ८२ कराड सावाँ भुक्तानी भएको सार्वजनिक अण व्यवस्थापन कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७९/८० मा सरकारले आन्तरिक ऋणको ब्याज भुक्तानीमा ६४ अर्ब ५२ करोड खर्च गरेको थियो ।

चालु आर्थिक वर्षको प्रथम त्रैमासमा ५५ अर्ब, दोस्रो त्रैमासमा ५५ अर्ब, तेस्रो त्रैमासमा ५३ अर्ब र अन्तिम त्रैमासमा ७७ अर्ब आन्तरिक ऋण उठाउने कार्यतालिका राष्ट्र बैंकले सार्वजनिक गरेको थियो । साउनमा सार्वजनिक भएको उक्त तालिका असोजमा संशोधन गर्दै प्रथम त्रैमासमा ८० अर्ब र दोस्रो त्रैमासमा ३० अर्ब आन्तरिक परिचालन गर्ने नयाँ तालिका आयो ।

तर, असोजभित्रै सरकारले संशोधित तालिका भन्दा पनि बढी ९७ अर्ब ३१ करोड आन्तरिक ऋण परिचालन गर्‍यो । मंसिरमा तालिका संशोधन गर्दै दोस्रो त्रैमासमा ३१ अर्ब तेस्रो त्रैमासमा ४७ अर्ब ६९ करोड र अन्तिम त्रैमासमा ६४ अर्ब आन्तरिक ऋण परिचालन गर्ने तालिका सार्वजनिक भएको छ ।

हालसम्म विकास ऋणपत्र मार्फत ९६ अर्ब ३१ करोड र ट्रेजरी बिल मार्फत १२ अर्ब आन्तरिक ऋण परिचालन भएको राष्ट्र बैंकले जनाएको छ । अब पुसभित्र ७ अर्बको विकास ऋणपत्र र ३ अर्बको ट्रेजरी बिल बोलकबोल गर्ने तालिका छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'ह्रस्व दीर्घ'मा साउथ भिलेन कबीर दुहान सिंहको इन्ट्री

काठमाडौं/चन्द्र पन्तले निर्देशन सम्हालेको फिल्म 'ह्रस्व दीर्घ'मा नेपाली र भारतीय कलाकारको लाइनअप शक्तिशाली देखिएको छ । एकातिर फिल्ममा साउथका नामी कलाकारहरु ब्रह्मानन्दम, अली, प्रदीप रावत, सुनिल वर्माको टोली छ भने अर्कोतिर नीता ढुंगाना, हरिहर अधिकारी, विपना थापा, गरिमा शर्मा, सरोज खनाल, सञ्चिता लुईँटेल, प्रशान्त ताम्राकारजस्ता नेपाली कलाकारहरुको 'पल्टन' छ ।




यसबीच, फिल्ममा अर्का साउथ अभिनेता कबीर दुहान सिंहको प्रवेश भएको छ । बुधबार निर्मात्री नीता ढुंगानाले एक पोस्टरमार्फत् फिल्ममा कबीर अनुबन्धित भएको जानकारी गराएकी हुन् । उनी तेलुगू, तमिल र कन्नड फिल्ममा नकारात्मक भूमिकामा सर्वाधिक रुचाइएका अभिनेता हुन् । उनले 'किक २', 'वेदालम', 'जिल', 'कञ्चना ३' लगायत दुई दर्जनभन्दा बढी फिल्ममा काम गरेका छन् ।

अहिले चितवनस्थित सौराहामा फिल्मको दोस्रो चरणको छायांकन भैरहेको छ । कबीर र 'गजनी' भिलेन प्रदीप रावत केही दिनमा छायांकनका लागि नेपाल आउने जानकारी प्राप्त छ । फिल्मको पहिलो चरणको छायांकन भने भारतस्थित रामोजी फिल्म सिटीमा भएको थियो । अब नेपालमा एक महिना फिल्मको छायांकन हुने जनाइएको छ । फिल्मको लागत ७ करोड अनुमान गरिएको छ ।

फिल्मलाई भारतका विभिन्न भाषामा स्वरांकन गराउने तयारीमा निर्माण टिम छ । भारतमा ओटिटी प्लेटफर्ममा मात्र फिल्म रिलिज हुनेछ ।

'ह्रस्व दीर्घ'लाई भारतका छायाँकार कवीरलालले खिचिरहेका छन् । उनले 'दिल आपके पास है', 'वेलकम ब्याक', 'परदेश' जस्ता सफल हिन्दी फिल्म छायांकन गरि सकेका छन् । फिल्मलाई अर्को वर्षको अन्त्यतिर हलमा प्रदर्शन गर्ने तयारी गरिएको छ ।

# १३ वर्षपछि फिल्मको सुटिङमा विपना, मेकअप गर्दा आँखा भरिए

काठमाडौं/कुनै बेला नेपाली फिल्ममा गर्विलो उपस्थिति जनाएकी अभिनेत्री विपना थापा विवाह बन्धनमा बाँधिएर सन्तान भएपछि अभिनयबाट टाढा रहँदै आएकी थिइन् । उनले राम्रो फिल्मबाट कमब्याक गर्ने चाहना व्यक्त गरिरहेको भए पनि त्यो सम्भव हुन सकेको थिएन । अन्तत: करिब १३ वर्षपछि उनी फिल्ममा फर्किएकी छन् । फिल्म 'ह्रस्व दीर्घ'बाट विपनाको कमब्याक सपना साकार भएको हो ।



मंगलबारबाट उनी फिल्मको सुटिङमा जोडिसकेकी छन् । १३ वर्षपछि सुटिङमा फर्किंदा उनलाई एक्खालको डर महसुस भएको थियो । सुटिङ सेटबाट जारी एक भिडियोमा उनले भनेकी छन्, 'सुटिङको पहिलो दिन भएकाले डर लागिरहेको छ । केही फरक महसुस भैरहेको छ । पहिलो फिल्म 'जन्मभूमि'मा काम गर्ने बेलाको महसुस गरिरहेकी छु । कसरी गर्ने र के गर्ने भन्ने भैरहेको छ ।'

विपनालाई फिल्ममा पहिलो दिनको सुटिङका लागि बिहान ७ बजेदेखि मेकअप समय दिइएको थियो । तर, उनी बिहान ४ बजे नै उठेर तयार भैसकेकी थिइन् । 'काम गर्न सक्छु कि सक्दिनँ' भन्ने छटपटी र डरले उनलाई रातभर निन्द्रा परेको थिएन । जब सेटमा पुगेर मेकअप गर्न थालिन् तब उनले आफैंलाई सम्हाल्न सकिनन् । उनका आँखा आँसुले भरिए । उनको त्यो आँसु खुसीको थियो ।

'ह्रस्व दीर्घ'को स्क्रिप्ट नै नसुनी काम गर्न तयार भएको उनी सम्झन्छिन् । 'धेरै अगाडिदेखि मलाई फिल्ममा काम गर्न मन लागिरहेको थियो । राम्रो फिल्मबाट प्रस्ताव आए गर्छु भनेरै बसिरहेको थिएँ,' उनी भन्छिन्, 'नीता ढुंगाना (फिल्मकी निर्मात्री तथा अभिनेत्री)ले राम्रो क्यारेक्टर छ भनेपछि मैले स्टोरी नै नसुनी गर्छु भनेकी थिएँ ।' विपना र नीताले यसअघि फिल्म 'मितिनी'मा काम गरेका थिए ।

# फिल्म उद्योग मेरो पहिचान हो, छाड्न सक्दिनँ : रोज राणा

काठमाडौं/सफल निर्माताको रुपमा चिनिएका रोज राणा नेपाली कांग्रेसको तर्फबाट लुम्बिनी प्रदेशको उद्योग तथा यातायात मन्त्री बनेका छन् । नेपाली फिल्मकर्मी मन्त्री भएको यो पहिलोपटक हो । यसैले उनी मन्त्री भएकोमा फिल्म क्षेत्र हर्षित देखिन्छ । तर, नग्न डान्सबार चलाएर मानव बेचबिखनको मुद्धामा पक्राउ परेको व्यक्तिलाई मन्त्री बनाएको भन्दै सामाजिक सञ्जालमा चर्को विरोध भैरहेको छ ।

यसबीच, एक टीभी अन्तर्वार्तामा उनले त्यसबेला आफूलाई प्रहरीको एउटा खेमाले आरोप लगाएको भए पनि आफूले नग्न डान्सबार नचलाएको दाबी गरेका छन् । उनी भन्छन्, 'मैले नग्न डान्सबार कहाँ चलाएँ ? प्रहरीको एउटा खेमाले आरोप लगाएपछि कानुनलाई सघाउँछु भनेर मैले आत्मसमर्पण गरेको थिएँ । जब अदालतले मलाई सफाई दिइसकेपछि नग्न डान्सबार चलायो भन्ने अरु को हो ?'

उनले राजनीतिमा सक्रिय भए पनि आफू फिल्मकर्मी नै रहेको र फिल्म क्षेत्र छाड्न नसक्ने बताएका छन् । चाँडै फिल्म 'खलनायक २' बनाउने तयारी भैरहेको समेत उनको भनाई छ । 'म अहिले पनि फिल्मकर्मी नै हो । मेरो 'खलनायक २' भन्ने फिल्मको सबै चीज तयार छ । मौनता श्रेष्ठले स्क्रिप्ट लेखिरहेका छन्,' राणाले भनेका छन्, 'फिल्म उद्योग त मेरो पहिचान हो, यसलाई छाड्न सक्दिनँ ।'



कुनै बेला उनले चल्तीका नायकहरुलाई धम्काएर फिल्म खेलाएको आरोप समेत लाग्ने गरेको छ । यस विषयमा पनि उनले खण्डन गर्दै भनेका छन्, 'त्यसबेलाका चलेका नायकहरु राजेश हमाल, विराज भट्ट, निखिल उप्रेतीले मसँग काम गर्नुभएको छ । उहाँहरु अहिले पनि फिल्म बनाउनु पर्‍यो, तपाईंले राम्रो फिल्म बनाउनुहुन्छ भनेर भन्नुहुन्छ । अहिले पनि उहाँहरु मेरो सम्पर्कमा हुनुहुन्छ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मैले देखेको....

हामीसँग राष्ट्रिय गौरव र स्वाभिमानको झन्डा छाड्नै नचाहने जिन वा डीएनए छ । त्यो विद्वत्ता आजको होइन । मानिसले झलझली नसम्झिएको मात्र हो । तर मस्तिष्कले नयाँनयाँ कुरा लिँदै गयो, पुराना कुरा सम्झिएन भने पनि शारीरिक रूपले स्वत: सम्झना हुन्छ । त्यस कारण मस्तिष्कले छिट्टै समात्न सक्छ । हामीले बाख्राको पाठो वा गाईको बाच्छालाई जुनसुकै उत्कृष्ट स्कुलमा पढाए पनि त्यसलाई कुनै खास प्रगति गराउन सक्दैनौं किनभने उसको पुर्खाको त्यस्तो कुनै लगानी छैन । त्यो ज्ञानको तत्त्व छैन । उसका पुर्खाले उसलाई दिएको मस्तिष्कले त्यस तहमा काम गर्न सक्दैन, जुन तहमा मानिसको पुर्खाले गरेको छ ।

मानिसमा क्षमताको पुनरावृत्ति हुन्छ । बायोलोजिकल जेनेटिक मेमोरी हुन्छ । ज्ञान भनेको थपिँदै जाने प्रक्रिया हो । अन्य देशमा मैले 'असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय' जस्ता मन्त्र पाएको छैन । 'सत्यं ब्रूयात्, प्रियं ब्रूयात' जस्ता मन्त्र अन्यत्रका साहित्यमा किन छैनन् ? हाम्रो साहित्य मानवजातिका उच्चतम वैचारिक उपलब्धिहरूको उचाइमा चढेको छ । यसले सदैव राम्रो कामका लागि उत्प्रेरणा दिएको छ । हाम्रो पूर्वीय साहित्यले सकारात्मक कुराहरू बताउँछ । सद्बुद्धि, सन्मार्ग र सत्कर्ममा प्रेरित गर्छ । सद्ज्ञान, सद्विचार र सद्भाव बाँड्छ ।

यो देवहरूको भूमि हो, देवीहरूको भूमि हो । हामी महान् काम गर्ने आफ्ना पूर्वजहरूलाई देवदेवी भन्ने गर्छौं । तिनका बारेमा कैयौं काव्य रचिए । अनेकन् नाटक लेखिए । अहिले देवी, भगवती आदिको जुन स्वरूप देखाइएको हुन्छ, त्यो त मानिसले आफूलाई मन परेको सुन्दरता छानेको मात्र हो । राम्रा स्याउजस्तो गाला भएकी, लिपस्टिक वा गाजल लगाएकी, सुनका गहनाले पहेंलपुर भएकी, औंठी-मुन्द्रा लगाएकी वा कानसम्म नत्थी लगेकी स्त्रीको तस्बिर अहिलेको चेतनाको परिणाम हो । सुन्दरता सौन्दर्यचेतले निर्धारण गर्ने कुरा हो । मान्छे सुन्दर त छँदै थियो, पहिले नै । त्यसको पनि विकास हुँदै गएको छ । समय अनुसारको सुन्दरता त हुन्थ्यो नै । प्रकृतिले सुन्दर चीज बनाउँछ । फूल कसैले हेर्छ कि हेर्दैन भनेर फुलेको होइन । कसैले सुँघ्छ भनेर बास्ना मीठो बनाएको पनि होइन ।

मानिसमा कहीं न कहीं जैविक प्रवृत्ति हुन्छ । त्यसले सचेतनालाई कमजोर बनाउँछ । त्यसकारण मानिसले कहिलेकाहीं सामाजिक चिन्तन छाडिदिन्छ । जैविक वृत्ति स्वार्थी वृत्ति हो । सचेत वृत्ति भनेको मानवीय वृत्ति हो । सचेत मानववृत्ति र जैविक वृत्तिबीच अन्तरविरोध भइरहन्छ । सामाजिक मूल्य र मान्यताअनुसार आफूलाई जे ठीक लाग्छ, अरूलाई पनि त्यस्तै व्यवहार गर्नुपर्छ भन्नु सचेत मानववृत्ति हो । तर अहिले सामाजिकभन्दा वैयक्तिक र जैविक प्रवृत्ति हाबी भएको देखिन्छ ।

यहाँका मानिस मानवीय र सामाजिक, पवित्र र संगठित भावनायुक्त छन् । यहाँका जनता शान्तिप्रिय र मानवतावादी छन् । यो देवभूमिका बासिन्दा हुन् । देवदेवीका सन्तान हुन् । सिद्धार्थ गौतम किन यही भूभागमा जन्मे र यसै भूमिमा बुद्ध बने ? सिद्धार्थ गौतम विश्वका अरू भागमा किन जन्मिएनन् ? अरू ठाउँमा लडाइँ भइरहेका बेला यहाँ किन शान्तिको सन्देश फैलिन्थ्यो ? यहाँ कसैले बाटो बिराए भने पनि ती सप्रिएर महापण्डित र महाज्ञानी बन्थे । विश्वामित्र, वाल्मीकिहरू त्यसका दृष्टान्त हुन् ।

हाम्रो देशमा पहाडी भूबनोट छ । एउटा पहाड र अर्को पहाडबीच साना-ठूला खोला हुन्छन् । बर्खामा तर्न सकिने कुनै सम्भावना हुँदैन । हिउँदमा पनि कतिपय खोला तर्न सकिँदैन । एउटै भाषा बोल्ने दाजुभाइ पनि कुनै मुहूर्तमा खोला तरेर पारि गएर खेतीपाती र पशुपालन गरेर बस्नाले वारिपारि भए । तिनीहरूबीच एउटा शब्द फरक पर्‍यो, अर्को शब्द फरक पर्‍यो । भाषामै फरक पर्‍यो । चलनचाँजोमा पनि अलिकति फरक पर्‍यो । वारिको पूजामा बेल वा बेलपत्र राख्ने गरिएको थियो भने पारि हुँदा त्यो चिज नपाएर अर्थोकै राख्नुपर्‍यो । वारि धारामा पानी खान्थ्यो भने पारि कुवामा खायो होला । वारि वर पीपलको छायामा बस्थ्यो भने पारि पट्टि अशोक वृक्षको छायामुनि बस्नुपर्‍यो होला । यस्ता कुरामा फरक पर्दै गयो । गीत र बाजा पनि फरक हुँदै गए ।

रमाइलो त मान्छेलाई गर्नैपर्थ्यो । गाउने र नाच्ने गर्‍यो । केही नभए पनि आफन्तको सम्मानमा, मायालु र प्रकृतिको सुन्दरताको वर्णनमा गीत गाउने भयो । महाकाली गएर सुन्नुस् वा मेची गएर, भोजपुर वा सोलु गएर सुन्नुस् वा नेपालगन्ज, थारू भाषामा गाएर सुन्नुस् वा मैथिलीमा, लय र भाषा फरक होला तर सार एउटै छ । आवागमनको कठिनाइले त्यसमा एकरूपता हुन सकेन । झन् समृद्धि र सम्पन्नता थपियो । एउटाले एक थरी ईश्वर भन्यो, कालान्तरमा अर्कोले अर्को थरी ईश्वर भन्यो ।

यस पटक 'झुलाघाट-चिवाभन्ज्याङ : समृद्धिका लागि संकल्पयात्रा' मा पनि हामीले त्यो देख्यौं । कहीं निगालोको झाङ पलाएको छ, त्यहींबाट देवीको नाम राखिएको छ । कोही मन्दिर डाँडाको टुप्पामा छ, त्यसैअनुसार नाम राखिएको छ । काठमाडौंको दक्षिणमा भएकाले दक्षिणकाली नाम राखिएको छ । दक्षिणकाली भनेकी छुट्टै देवी होइनन्, दक्षिणमा बस्ने भनिएको हो । चाँगुको डाँडामा भएकाले चाँगुनारायण, शेष गाउँमा भएकाले शेषनारायण, इचङ्गुमा भएकाले इचङ्गुनारायण नाम रह्यो । ठाउँ अनुसार धार्मिक स्थलका नाम छन् । यसरी सांस्कृतिक, भाषिक विविधता छ । पहिरन र खानपिनमा विविधता छ । यो हाम्रो प्रकृतिले सिर्जना गरेको विविधता हो । यो देश निर्माणको सन्दर्भ र बसाइँसराइले सिर्जना गरेको विविधता हो । समयक्रममा अन्तर्घुतन हुँदै बिस्तारै यो विविधतालाई पनि मिक्स-रिमिक्स गर्दै लगिएको छ । *(साभार: ई-कान्तिपुर)*



मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाको कुन्छाल गाउँमा पारिलो घाममा बसेर गफिँदै जेष्ठनागरिक । चिसो मौसममा थाहानगरक्षेत्रमा पारिलो घाम ताप्दै गफिनेको संख्या बाक्लै हुने गर्दछ । तस्बिर: *गणेश विष्ट/थाहा ।*

# थाहा राष्ट्रपति रनिङशिल्डमा जनकल्याणको ह्याट्रिक

साझाकुरा संवाददाता

हेटौँडा, ११ पुस/थाहा नगरपालिकास्तरीय छैटौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि जित्दै जनकल्याण माविले ह्याट्रिक गरेको छ ।



जनकल्याण माविले लगातार तेस्रोपटक नगरस्तरीय छैटौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि जितेको हो । रनिङशिल्डमा लगातार तीन पटकसम्म उपाधि जिते पदक हातपार्ने नियम हुन्छ । जस अन्तर्गत् जनकल्यणले राष्ट्रपति शिल्ड आफ्नै बनाएको छ । प्रतियोगिताको मेयरकप छात्र र छात्रा भलिबल उपाधि भने पालुङको मत्स्यनारायण माविले जितेको छ । थाहाको छैटौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सबैभन्दा लोकप्रिय खेल भलिबल हो । जिल्लामै थाहा भलिबलमा उत्कृष्ट क्षेत्र हो ।

जनकल्याण माविले र ाष्ट्रपति रनिङशिल्डमा १७ स्वर्ण, १४ रजत र ७ कास्यपदक सहित प्रथम भएको छ । त्यसैगरी ९ स्वर्ण, ३ रजत र ५ कास्यसहित बागेश्वरी मावि टिष्टुङ दोस्रो र ३ स्वर्ण ८ रजत ५ कास्य सहित भम्केश्वरी मावि ओखरबजार तेस्रो बन्न पुग्यो । मेयरकप भलिबल प्रतियोगिताको फाइनल खेलमा मत्स्यनारायणका छात्र र छात्रा समूहले नाट्यश्वरको छात्र र छात्रा समूहलाई पराजित गरी प्रथम भएको छ भने छात्रातर्फ जनकल्याण र छात्रतर्फ बज्रबाराही मावि तेस्रो भएको छ । मेयरकप भलिवलमा दुवै मत्स्यनारायणका प्रवल कार्की र बिमलामाया वाइवा उत्कृष्ट खेलाडी घोषित भएका छन् ।

विजेता विद्यालय र विद्यार्थीलाई प्रमुख अतिथि थाहा नगरपालिका प्रमुख बिष्णुबहादुर बिष्टले शिल्ड, मेडल, प्रमाणपत्र तथा ट्रफी प्रदान गरेका थिए । थाहा नगरपालिका खेलकुद विकास समिति संयोजक टीकाराम स्याङ्तानको अध्यक्षतामा सम्पन्न समारोहमा थाहानगर उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, थाहा वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, थाहानगर शिक्षा शाखाका अधिकृत माधवबिक्रम मल्ललगायतको उपस्तिथि रहेको थियो । प्रतियोगितामा नगरपालिकाभित्रका १० सामुदायिक र ४ वटा संस्थागत विद्यालयको सहभागिता रहेको थियो ।

# बद्री पंगेनीको प्रस्तुतिमा उल्लेख्य दर्शक



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/हेटौंडामा जारी बृहत् खेलकुद तथा व्यापार महोत्सवमा चर्चित लोकगायक बद्री पंगेनीले आफ्नो सांगीतिक प्रस्तुतीमा दर्शकको उल्लेख्य सहभागिता रहेको छ ।

उनको प्रस्तुतीको समयमा दर्शकको भीड लागेको थियो । उनले आफ्ना चर्चित र लोकप्रिय गीतमार्फत मकवानपुरेलाई नचाएका थिए । महोत्सवमा उपस्थित दर्शकले नाचेर साथ दिएका थिए । महोत्सवमा बुधबार पंगेनीसँगै गायक हेमन्त शर्मा, मीना गिरी, सम्झना लामिछाने, डोरबहादुर खपाङ्गी, राजेन्द्र गुन्द्रुके लगायतले आफ्नो प्रस्तुती दिएका थिए ।

बिहीबार चर्चित गायिका आस्था राउत, दुर्गा सापकोटा, गायक मदन विष्ट, सरोज लामिछाने, र विकुमार रिमाल र हाँस्य कलाकार दिनेश काफ्लेको प्रस्तुती रहने आयोजकले जानकारी दिएको छ । १७ गतेसम्म सञ्चालन हुने महोत्सवमा राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय गरी १३ वटा विधामा खेल सञ्चालन भैरहेको छ । महोत्सव आयोजक समितिका संयोजक मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीले महोत्सव सोचे अनुरुप सञ्चालन भइरहेको जानकारी दिए ।

खेलकुद क्षेत्रको विकासका लागि आयोजित महोत्सवमा सबैको साथ, सहयोग प्राप्त भैरहेको बताए । महोत्सवमा करिब २६० वटा स्टल रहेको छ । महोत्सवमा कृषि, पर्यटन, हस्तकला, अटो मोबाइलका साथै बालउद्यान रहेको छ । महोत्सवबाट खेलकुद विकास समितिलाई प्राप्त हुने करिब २५ लाख रुपैयाँ रकमबाट वर्षभर खेलकुद प्रतियोगिता आयोजना गर्ने आयोजकले लक्ष्य राखेको छ ।

# अनुमति निलिई ड्रोन उडाएको आरोपमा पोखरामा चिनियाँ नागरिक पक्राउ

पोखरा, ११ पुस/पोखरमा बिना अनुमति ड्रोन उडाएको आरोपमा एकजना चिनियाँ नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा २५ वर्षीय चेन देङ सेन रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी श्रवणकुमार विकका अनुसार पोखरा महानगर- १, टुँडिखेलमा अनुमतिबिना ड्रोन उडाइरहेको सूचनाका आधारमा सेनलाई पक्राउ गरिएको हो । उनलाई ड्रोनसहित नियन्त्रणमा लिएर नेपाल नागरिक उड्डयन प्राधिकरण पोखरा पठाइएको उनले जानकारी दिए ।

# हेटौंडा जेसीजमा बर्तौलाको प्यानलसहित उम्मेदवारी घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/सामाजिक क्षेत्रमा क्रियाशील हेटौंडा जेसीजको साभारणसभा तथा निर्वाचन १३ पुसदेखि हुँदैछ । जेसीआई हेटौंडाको वर्ष २०२४ को नेतृत्व लिन उम्मेदवारी घोषणा गर्ने क्रम चलिरहेको छ ।

बुधवार हेटौंडा जेसीज वर्ष २०२४ को लागि अध्यक्ष पदमा अमृत बर्तौलाले उम्मेदवारी घोषणा गरेका छन् । बर्तौलाले जेसीज वर्ष २०२४ को लागि अध्यक्ष पदमा प्यानल सहितले उम्मेदवारी घोषणा गरेका हुन् । वर्तमान समितिमा कार्यकारिणी उपाध्यक्ष रहेका उनले उम्मेदवारी घोषणासँगै भावी योजना र कार्यक्रम पनि प्रस्तुत गरेका छन् । पत्रकार सम्मेलन गर्दै बर्तौला समूहले उम्मेदवारी घोषणा गरेको हो ।

बर्तौलाको प्यानलबाट कार्यकारिणी उपाध्यक्षमा विवेकानन्द न्यौपाने र जीवन ढकालको उम्मेदवारी रहने भएको छ । त्यस्तै जेसीज २०२४ को उपाध्यक्षमा रमेश काफ्ले, रमेश पराजुली, आतिश दाहाल र विश्वास पराजुलीले उम्मेदवार दिने जानकारी दिए । जेसीजको साधारणसभा पुष १३ गते र निर्वाचन १४ गते हुने गरी तालिका तय भएको छ । बर्तौलाले आफू निर्वाचित भएपश्चात् हेटौंडा जेसीजको स्वर्णजयन्तीको अवसरमा तेस्रोपटक २०२८ मा राष्ट्रिय महाधिवेशन आतिथ्यता गर्नको लागि पहल गर्ने बताए ।

४० वर्ष नाघेका जेसीजका पूर्वसदस्यसँग निश्चित शुल्क लिई आजीवन सदस्यताका लागि साधारणसभाबाट पहल गराइने उनले बताए । जेसीजका इच्छुक पूर्वसदस्यलाई प्रत्येक कार्यक्रमको सूचना सम्प्रेषण गर्नुका साथै पुराना कार्यक्रमलाई निरन्तरता दिई जेसीजको सचिवालय भवन पूर्णरुपमा मर्मत गरेर नयाँ स्वरुप दिने र सभाहल सञ्चालन गरी आय आर्जनमा बृद्धि गर्ने लक्ष्य रहेको उनले जानकारी दिए ।

# न्यानो कपडा र चप्पल वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/नेपाल मुस्लिम इतेहाद संगठन मकवानपुर हेटौंडा उपमहानगर कमिटीले बालबालिकालाई न्यानो कपडा तथा चप्पल वितरण गरेको छ ।

मदर्शा दारुल कुरानका अनाथ बालबालिका र आशा फाउण्डेशनका अपाङ्ग बालबालिकालाई कपडा र चप्पल वितरण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि मुस्लिम इतेहाद संगठनका केन्द्रीय सचिवालय सदस्य तथा मकवानपुर इञ्चार्ज महमद समिम (समिम खान)को रोहबरमा नगरअध्यक्ष मुस्तफा अंसारीले सहयोग सामग्री हस्तान्तरण गरेका थिए ।

# हिंसा न्यूनीकरण र तनाव व्यवस्थापनबारे अभिमूखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/सामुदायिक सेवाकेन्द्र तथा सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा-११ को आयोजनामा दुईदिने लैगिंकहिंसा न्यूनीकरण तथा तनाव व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको ।

बुधबारबाट सुरु अभिमुखीकरण कार्यक्रममा सेवाकेन्द्रका अध्यक्ष देवकुमार श्रेष्ठको अध्यक्षता तथा हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो । ११ नम्बर वडामा रहेका ७ वटा टोल विकास संस्थाको एक सय जना भन्दा बढीको सहभागितामा अभिमुखीकरण भएको हो । टोल विकास संस्थालाई लैगिंकहिंसा न्यूनीकरण र तनाव व्यवस्थापन कसरी गर्न सकिन्छ ? भन्ने जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरेको श्रेष्ठले बताए ।

कार्यक्रममा लैगिंकहिंसा न्यूनीकरणसम्बन्धी प्रशिक्षण माइती नेपालका प्रमुख माया लामा, लैगिंकहिंसा कानूनी सजाय र कानुनीको अवस्थाको बारेमा प्रहरीनिरीक्षक चुडाकुमारी खड्का र तनाव व्यवस्थापनसम्बन्धी प्रशिक्षक विजयराज सिग्देलले सहजीकरण गरेका थिए । यसैगरी, बिहीवार हेटौंडा-११ स्थित थाहाभवनमा १५ वटा टोल विकास संस्थाका प्रतिनिधिलाई अभिमुखीकरण दिइनेछ ।

# पूर्वडीआईजी महेशबिक्रम शाह भ्रष्टाचारी ठहर

काठमाडौं/विशेष अदालतले अवकाशप्राप्त डीआईजी महेशबिक्रम शाह भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । शाहसहित चार प्रहरी माथि मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौलीमा कार्यरत र हँदा ३३ लाख ३८ हजार रुपैयाँ अनियमितता गरेको आरोप थियो ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरु तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले डीआईजी पूर्व शाह र पूर्व सई दिपेन्द्रप्रसाद पनेरुलाई दोषी ठहर गरेको हो । आरोप लागेका प्रहरी हवल्दार केशव सिंह ऐरी र लेखापाल सञ्जीव विशुंखेले सफाइ पाएका छन् ।

सजाय भने २५ पुसमा सुनाइने छ । तीन वर्षभन्दा बढी सजाय हुने मुद्दामा सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने व्यवस्था अनुसार आगामी २५ पुसमा पेशी तोकिएको छ । २०४६ माघमा प्रहरी सेवा प्रवेश गरेका शाहले ३० वर्ष सेवा अवधिका कारण २०७६ माघमा अवकास पाएका थिए ।

त्यसको अर्को महिना २० फागुन २०७६ मा चार वर्ष पहिले भर्ना भएर अन्यत्र पदस्थापन भइसकेका प्रहरी जवानका नाममा तलब भत्ता निकालेर भ्रष्टाचार गरेको दाबीसहित अख्तियारले मुद्दा दायर गरेको थियो । २०७२ साल वैशाख २७ गते प्रहरी जवानहरुको नया भर्ना सुरु भएको थियो । पुसको अन्तिम साता तालिम सकिएर माघदेखि तोकिएकै ठाँउबाट तलबभत्ता खानेगरी उनीहरुको पदस्थापना भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरसहित तीन जिल्लामा चिउरी र चमेरो संरक्षण कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/बागमती प्रदेश सरकारले चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण गर्ने कार्यक्रम लागू गर्ने भएको छ । यसका लागि सामाजिक विकास मन्त्रालयले कार्यविधि तयार गर्न लागेको छ ।

प्रदेश सरकारले चितवन, मकवानपुर र धादिङका छ पालिकामा यो कार्यक्रम लागू गर्ने तयारी गरेको हो । चेपाङ समुदायको बसोबास रहेको चितवनको राप्ती र कालिका नगरपालिका, चितवनको इच्छाकामना, मकवानपुरको राक्सिराङ तथा धादिङको गजुरी र बेनिघाट रोराङ गाउँपालिकामा कार्यक्रम लागू गर्न लागिएको सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख गोपालप्रसाद कँडेलले जानकारी दिए ।

उनका अनुसार मन्त्रालयले कार्यविधि निर्माण गरेर अर्थ मन्त्रालयमा पठाएको छ । मन्त्रिपरिषदबाट कार्यविधि पारित भएपछि कार्यान्वयनका लागि पालिकामा बजेट पठाइने छ । प्रदेश सरकारले यस वर्ष चिउरी र चमेरो संरक्षणका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । यो कार्यक्रम आर्थिक तथा सामाजिकरुपमा विपन्न तथा पिछडिएका सीमान्तकृत चेपाङ समुदायको जीविकोपार्जनका साथै आर्थिक तथा सामाजिक क्षेत्रमा जीवनस्तर सुधार गर्नका लागि महत्वपूर्ण हुने उनले बताए ।

कार्यक्रमले चेपाङ समुदायको आर्थिक तथा सामाजिक क्षेत्रमा सशक्तिकरण गर्नुका साथै परम्परादेखि जोडिएको चेपाङ चिउरी र चमेरोबीचको पारिस्थितिक प्रणाली सुदृढ पार्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

कार्यक्रम पालिकाको २० प्रतिशत साझेदारीमा लागू गरिने सामाजिक विकासमन्त्री कुमारी मोक्तानले बताइन् । चिउरीको नर्सरी स्थापना, वृक्षरोपण, सचेतनामूलक कार्यक्रम, मौरीपालन व्यवसायको प्रवर्द्धन, चिउरीको मह र दानाको बजारीकरण यस कार्यक्रममार्फत् हुने उनको भनाइ छ । चेपाङ समुदायलाई कार्यक्रममार्फत दिगो अर्थोपार्जनको स्रोतको व्यवस्था गरिने उनले बताइन् ।

उनले कार्यक्रम कार्यान्वयनका लागि चार चरणमा छलफल भएको भन्दै सबैको सुझाव र सल्लाहका आधारमा कार्यान्वयनमा लैजाने बर्तान् । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चेपाङ समुदायको संरक्षणसँगै चिउरी र चमेराको समेत संरक्षण गरिने बताए ।

प्रदेश सरकारले ल्याएको यो कार्यक्रम नमूना कार्यक्रम भएकाले सबै पालिकासँग समन्वय गरेर काम गरिने उनले बताए । 'राज्यले सबै जातजाति, कला र संस्कृतिको संरक्षण गर्ने भनेको छ, चेपाङ समुदाय त यसै पनि पछाडि परेकाले हाम्रो विशेष प्राथमिकता हुनुपर्छ ।', उनले भने ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat
हाम्रा विशेषताहरु:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३